# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 9 Monthly International Edition of Herald of His Coming September 2021

वर्ष २२, अङ्क ९ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असोज, २०७८)


# प्रार्थनाद्वारा परमेश्वरसँगको मिलाप
## Prayer is Essentially Union with God

**By Robert O. Bakke**

संसारको एकताभन्दा प्रार्थनामा परमेश्वरसँगको एकता अति नै उत्तम हुन्छ । प्रार्थनाले मानिसलाई परमेश्वरसँग मिलापमा ल्याउँदछ । यो गतिशील र मापनयोग्य कार्य हो । जसले इसाईहरूको आत्मिक जीवनलाई मापन गर्न मद्दत गर्दछ । प्रार्थनाको माध्यमबाट हामी हाम्रो जीवनमा हाम्रा विचारहरू, हाम्रा चाहनाहरू, जीवनशक्तिमा परिवर्तन ल्याउन सकिन्छ ।

Stanley Jones भारतका प्रचारक थिए । उनले युनियन जोन्सको बारेमा यसरी लेखे । पहिलो कुरा प्रार्थनामा परमेश्वरलाई पाउनु हो । यदि तपाईं उहाँलाई पाउनु हुन्छ भने अरू सबैथोकको तपाईंलाई पच्छ्याउँछन् । त्यसैले परमेश्वरलाई तपाईंको भित्री हृदय प्राप्त गर्नुहोस्, सबै कुरा तपाईंले कब्जा गर्न सक्नु हुनेछ । जब तपाईं प्रार्थना गर्नु हुन्छ, तपाईंको प्रार्थनाको माध्यमद्वारा परमेश्वरले आफ्नो आत्मा खन्याउनुहुन्छ । प्रेरितको पुस्तकमा हामीले हेर्‍यौं भने परमेश्वरको खोजी गर्ने र प्रार्थना गर्नेहरूमाथि पवित्र आत्माको आगो आउनुभएको र आत्माद्वारा मानिसहरूलाई जवाफ दिनुभएको पाउँछौं ।

प्रार्थना एउटा चोट लागेका मानिसहरूको हृदयमा मलम लगाउनुजस्तै हो । जब तपाईं परमेश्वरसँग प्रार्थना गर्नुहुन्छ, त्यो घाइते व्यक्ति र बिचमा तपाईं एउटा जीवनमा परमेश्वरको आशिषको महसुस गर्नुहुन्छ ।

येशूले उहाँको मृत्यु हुनुभन्दा अघिल्लो रात आफ्नो चेलासँग कुरा गर्दा यस्तै उखानको प्रयोग गर्नुभयो । त्यो रातमा बोलिएका शब्दहरू अति नै गम्भीर थिए । येशूलाई सबै कुरा थाहा थियो । उहाँको मृत्यु नजिकै आएको छ भन्ने कुरा तर चेलनाहरूले त्यो कुरा बुझेका थिएनन् । जोन्सले भने मेरो बुबाले मसँग बोलेका अन्तिम शब्दहरू सम्झनुहोस् । उहाँ ६४ वर्षको उमेरमा ब्रेन ट्युमर भएर मर्नुभएको थियो । मैले एक जवान पास्टरको रूपमा त्या घटना विश्वास गर्न अस्वीकार गरे । तर पनि मैले परमेश्वरसँग प्रार्थना गरे र उहाँले मेरो प्रार्थना हुनुहुन्छ र मेरो भार उठाउनुहुन्छ भन्ने पूर्ण विश्वास गरे । हरेक आइतबार बिहान जब म प्रचार गरेर सकाउँथे । आफ्नो स्थानीय मण्डलीबाट न्युजर्सी मेरो आमाबुबाको चर्चमा जान्थेँ । मरो बुबा बिरामी हुनुहुन्थ्यो र म उहाँको ओछ्यानको छेउमा घुँडा टेकेर बुबाको टाउकोमा हात राखेर प्रार्थना गर्थे । उहाँ मेरो प्रार्थनामा उत्तेजित भएर निको भएँ भन्नुहुन्थ्यो । एक सोमबारको रात हामी प्रार्थना गरेर घर फर्कियौं । हातमा सुटकेस लिएर अन्तिम पटक बाबासँग बिदाइ हुँदै थिएँ तर बाबाले मलाई बोलाएर फेरि मेरो काँधमा हात राखेर सुमसुम्याउँदै आँखाभरि आँसु पारेर मलाई बिदाइ गर्दै हुनुहुन्थ्यो । उहाँको हातहरू काँपिरहेका थिए; आँखाबाट आँसु झरिरहेको थियो र गालाबाट बगिरहेको थियो । त्यो आँसुको थोपासँगै मेरो कानमा एउटा शब्द गुन्जिरहेको थियो, म तिमीलाई माया गर्छु । त्यसपछि मेरो बुबाले यस पृथ्वीबाट बिदा लिनुभयो ।

उहाँको नम्र र कमजोर अवस्थामा

उहाँको हातले मलाई बलियोसँग समात्यो। उहाँले मलाई अर्तिका शब्दहरू बोल्नुभयो। जुन शब्दहरू मेरो हृदयमा खन्याउनुभयो, ती शब्दहरू मेरो जीवनमा निम्ति अति नै महत्वपूर्ण थिए। उहाँले अन्तिम साससम्म मसँग बोल्दै हुनुहुन्थ्यो। जुन शब्दहरूले अहिल्यैसम्म पनि मलाई परमेश्वरको मार्गमा हिँड्नको लागि टेवा पुऱ्याएको छ। म आफू ३३ वर्ष हुँदा तिनओटा छोराहरूलाई हुर्काए। ती शब्दहरूद्वारा म मेरा छोराहरूलाई शिक्षा दिन्छु। यी शब्दहरू मेरा मृत्युसम्म पनि म बिर्सन सक्ने छैन। साथै म कहिल्यै पनि उहाँलाई इन्कार गर्ने छैन।

**ममा रहो**

येशू मर्नुभन्दा अघिको रातमा उहाँको सबैभन्दा नजिकको प्रिय मित्रहरूलाई जम्मा गर्नुभयो। यो सबैभन्दा महत्वपूर्ण कुरा बोल्नको लागि एक क्षण थियो। उहाँले उनीहरूलाई आफ्नै गलामा टाँसेर नजिक राख्न सक्नुहुन्थ्यो तर उहाँले जे बोल्नुभयो आफ्ना चेलाहरूको हितको लागि बोल्नुभयो तर उहाँका चेलाहरूले ती शब्दहरूको इन्कारको कारण उनीहरू सताइनेछन्। उनीहरूले आफ्नो मालिकलाई मार्नेछन्। यो कुरा उनीहरूले विश्वास गर्न इन्कार गरे। येशूले भन्नुभयो, "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। मम हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढी फल फलाओस् भनी उहाँले छिमल्नुहुन्छ। मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौं। ममा रहो र म तिनीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैँले फल पलाउन सक्दैन, त्यसरी नै तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। दाखको बोटमा छु, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने म त्यसका रहेँ भने, त्यसैले धेरै फल फलाउँछु, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं। कोही मानिस ममा रहेन भने, त्यही हाँगाझैँ बाहिर मिल्काइन्छ र त्यो सुनिहाल्छ। यस्ता हाँगाहरू मानिसले बटुल्छन् र आगोमा फालिदिन्छ र ती बलिहाल्छन्। तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग र त्यो तिमीहरूका निम्ति गरिनेछ। तिनीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ।" (यूहन्ना १५ : १ - ८)

यी शब्दहरूको महत्व बुझ्नलाई हामीले आलङ्कारिक भाषाहरू बुझ्नु पर्छ। येशूले विशेष महत्वको कुरालाई उहाँले जोड दिनुभएको छ। यहाँ रुख भन्नाले आफैं येशूलाई भन्नुभएको छ र हाँगाहरू भनेको उहाँलाई विश्वास गर्नेहरू हौ। खीष्टमा रहेर असल गुणहरू हामीमा हुन सक्यो भने त्यसलाई येशूले फल भन्नुभएको छ। यी फलहरू फलाउनको निम्ति परमेश्वरले पवित्र आत्मा दिनुभएको छ। उहाँलाई विश्वास गर्नेहरूको भित्र पवित्र आत्मा हुनुहुन्छ भने, पवित्र आत्माद्वारा उनीहरूले फल फलाउँछन्।

आफ्नो मृत्यु हुनुभन्दा अघिल्लो रात येशूले आफ्ना प्रिय साथीसँग यसरी भन्नुभयो, "ममा रहो; ममा रहो र मेरा वचन तिमीहरूमा रहोस् ताकि तिमीहरूले फल फलाउन सक। थोरै होइन तर धेरै मात्रामा फल फलाओ। परमेश्वर पिताको महिमाको निम्ति तिमीहरूले यी फलहरू देखाउँदै जानेछौ। यदि तिमीहरू ममा रहेनौ भने कुनै पनि फल तिमीहरूको जीवनमा फल्ने छैन। मबाहेक अरू कोहीद्वारा स्वर्गका राज्यभित्र प्रवेश गर्नसक्ने छैनौ। मबाहेक अरू कोहीद्वारा स्वर्गको राज्यभित्र प्रवेश गर्न सक्ने छैनौं। यसको मुख्य अर्थ यदि हामी खीष्टमा रह्यौं भने उहाँले हाम्रो निम्ति प्रार्थना गर्नुहुन्छ र हामी पनि उहाँसँग एकतामा रहेर प्रार्थना गरिरहेका हुन्छौं।

**जीवन दिने र लिने**

येशूको मृत्यु हुनु अघिल्लो रात उहाँले बाह्र चेलाहरूको लागि प्रार्थना गरिसकेपछि हाम्रो निम्ति पनि प्रार्थना गर्नुभयो, "म यिनीहरूको निम्ति मात्र प्रार्थना गर्दिनँ तर यिनीहरूका सन्देशद्वारा विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ र म तपाईंमा त्यसरी तिनीहरू पनि हामीमा होऊन् र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैँ तिनीहरू पनि एक होऊन्। म तिनीहरूमा, अनि तपाईं ममा र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईं पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नु भएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। पिता म इच्छा गर्दछु कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून् र

मेरो महिमा देखुन्, जुन महिमा संसारको सृष्टि हुनु अघिदेखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो । धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर तपाईंलाई चिन्दछु अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले ठान्दछन् । मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरे, अनि तपाईंको नाउ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो त्यो तिनीहरूमा रहोस् र म तिनीहरूमा रहुँ ।" (यूहन्ना १७ : २०-२६)

जसरी खीष्टले आफूलाई आफ्नो पितामा अर्पण गर्नुभयो र आफूले पनि पिताबाट प्राप्त गर्नुभयो । येशूले स्पष्ट रूपमा घोषणा गर्नुभयो कि म र पिता एक हौं । क्रूसमा जानभन्दा अगाडि खीष्टले जब पितासँग प्रार्थना गर्नुभयो; हुनसक्छ भने यो कचौराबाट हटाइदिनहोस् । यो एकदमै कष्टको प्रार्थना थियो । हरेक प्रार्थनामा परमेश्वरको आफ्नो पुत्रको महिमाको निम्ति प्रकट गर्नुभयो ।

तसर्थ, प्रार्थनाको बारेमा परमेश्वरले आफ्ना चेलाहरूलाई अनिवार्य रूपमा रहेर अनुशासनमा रहेर बोझ उठाउनको लागि प्रतिज्ञा गर्नुभयो । प्रभु येशू खीष्टलाई आफ्नो जीवनमा यापन गरेर प्रत्येक अप्ठ्यारा खुड्किलाहरू पार गर्दै प्रार्थनामा अघि बढ्न उत्साह दिनुभयो । E.M. Bounds ले जस्तै परमेश्वरसँगको जीवित आत्माको सम्पर्क प्रार्थना हो । प्रार्थनाले परमेश्वर र मानिसबिचको प्रेमलाई अझ प्रगाढ बनाउन सहायता मिल्छ । त्यसो भए प्रार्थनाको कार्य नै उहाँप्रतिको हाम्रो स्वीकार हो । उहाँमा हामी सबै आशिष पाउन सक्छौं । संसार, जीवन, मृत्यु, वर्तमान, भविष्य सबै हाम्रा हुन् किनभने हामी खीष्टका हौं । "यसैकारण कसैले मानिसहरूमाथि गर्व नगरोस् । किनकि सबै थोक तिमीहरूकै हुन्, चाहे पावल, कि अफेल्लोस कि केकास अथाव संसार वा जीवन, वा मृत्यु वा वर्तमान कि भविष्य, सबै तिमीहरूकै हुन् र तिमीहरू खीष्टका हौ अनि खीष्टचाहिँ परमेश्वरका हुनुहुन्छ ।" (१ कोरिन्थी ३ : २१ - २३)

# बोझसहितको प्रार्थनालाई परमेश्वरले कसरी उत्तर दिनुहुन्छ

## How God Responds to A Burdened Humble Prayer

**By Bill Elliff**

दानिएल ९ अध्यायमा हामी बाइबलको महान् प्रार्थनाहरूमध्ये एक पाउँछौं । नहेम्याह १ मा नहेम्याहको प्रार्थनाजस्तै दानियलले आफ्नो राष्ट्रको निम्ति प्रार्थना गरे । उहाँको प्रार्थना हाम्रो प्रार्थना गर्नको लागि एक शक्तिशाली उदाहरण हो ।

तर के परमेश्वरले हाम्रो प्रार्थना पश्चाताप सहितको विनम्र प्रार्थना सुन्नुहुन्छ ? प्रार्थनाको जवाफले परमेश्वरको प्रतिक्रया प्रकट गर्दछ ।

**परमेश्वर आउनुहुन्छ :** "पहिलो महिनाको चौबीसौं दिनमा ठूलो नदी टाइग्रिसको किनारमा जसै म उभिरहेको थिएँ, मैले माथि हेरेँ र मेरो अघि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एउटा मानिसलाई देखेँ । तिनको शरीर पीतमणिजस्तै चाहकिलो थियो, तिनको अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनको आँखा राँकोझैं बलिरहेका थिए । तिनका हात र खुट्टाहरू टल्काइएो कासोजस्तै र तिनको स्वर ठूलो भीडको स्वरझैं थिए ।" (दानिएल १० : ४ - ६) यो एक शक्तिशाली स्वर्गदूत थियो, स्वर्गबाटको सन्देशवाहक परमेश्वर आउनुभयो ।

**परमेश्व बोल्नुहुन्छ :** "तिनले भने, दानिएल, तिमी जो अति नै सम्मान गरिएइका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरू राम्रोसँग विचार गर र खडा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु । जब तिनले यो मलाई भने म डरले थरथर काम्दै उभिएँ ।" (दानिएल १० : ११)

**शत्रुले परमेश्वरको कामको विरोध गर्दछ :** "तर फारस राज्यका राजकुमारले मलाई एक्काइस दिनसम्म विरोध गरे । तब प्रधान राजकुमारहरूमध्ये एकजना मिखाएल मलाई मद्दत गर्न आए किनभने फारसको राजासँग म त्यहीँ रोकिएँ ।" (दानिएल १० : १३)

**परमेश्वरले हामीलाई आवश्यक समझ दिनुहुन्छ:** "अब म भविष्यमा तिम्रा मानिसहरूलाई के हुनेछ भन्ने कुरा बुझाउ तिमीकहाँ आएको छु, किनभने दर्शनचाहिँ पछि हुने कुरासँग सम्बन्धित छ ।" (दानिएल १० : १४)

**परमेश्वरले हामीलाई दिनुहुन्छ जुन कुरा हामीलाई चाहिन्छ :** भविष्यको लागि उहाँको

प्रतिज्ञाहरूले हामीलाई आशा दिन्छन् । उहाँले जित्नुहुन्छ र उहाँको साथमा रहेका हामी सबैको पनि विजय हुन्छ । परमेश्वरमा विश्वास गर्नेहरूलाई उहाँले प्रतिज्ञा गर्नुहुन्छ । "अब म भविष्यमा तिम्रा मानिसहरूलाई के हुनेछ भन्ने कुरा बुझाउन तिमीकहाँ आएको छु, किनभने दर्शनचाहिँ पछि हुने कुरासाग सम्बन्धित छ ।" (दानिएल १० : १४)

**उहाँको वचनले हामीलाई साहस, बल र शक्ति दिन्छ :** "तिनले भने, उच्च सम्मान गरिउको हे मानिस, नडराऊ । तिमीलाई शान्ति होस् । अब तिमी बलिया होऊ, बलिया होऊ । जब तिनी मसँग बोले, मैले बल पाएँ र भनेँ, मेरा प्रभु बोल्नुहोस् किनभने हजुरले मलाई बल दिनुभएको छ ।" (दानिएल १० : १९)

**अन्तिमसम्म वफादार रहेमा इनामा पाउनेछौ :** "तिमीचाहिँ अन्तसम्मै आफ्नो बाटो लाग । तिमीले विश्राम गर्नेछौ र त्यसपछि तोकिएको उत्तराधिकार प्राप्त गर्नलाई तिमी दिनहरूको अन्तमा खडा हुनेछौ ।" (दानिएल १२ : १३)

पिता, धन्यवाद छ कि जब हामी तपाईंको सामु रुन्छौँ र तपाईंलाई खोज्छौँ, तपाईंले हामीलाई जवाफ दिनुहुन्छ । तपाईंले हाम्रो प्रार्थना सुन्नुहुन्छ र तपाईंको दयाद्वारा हामीलाई जवाफ दिनुहुन्छ । हामीलाई तपाईंले जे आवश्यक हो त्यसको उत्तर दिनुहुन्छ । तपाईंको क्रियाकलाप अनुसार तपाईंलाई विश्वास गर्न र अगाडि बढ्न उत्साह मिल्छ ।

# हाम्रो भरोसा - परमेश्वरको उपस्थिति

## Trusting Our Ever - Present God

**By Rich Carmicheal**

आज म तपाईंहरूको बीचमा मेरो जीवनमा आफूले अनुभव गरेको कुरा बताउन चाहन्छु । हालसालै मैले टेनेसीमा मेरा साथीको श्रीमान् श्रीमतीसँग समय बिताउने मौका प्राप्त गरेँ । एक बिहान, आराधनाको समयमा मैले भजनसङ्ग्रह ९० अध्यायबाट केही खण्डहरू पढिरहेको थिएँ । "हे परमप्रभु, पुस्तादेखि पुस्तासम्म तपाईं हाम्रो वासस्थान हुनुभएको छ । पहाडहरू उत्पन्न हुनुभन्दा अघि अथवा तपाईंले पृथ्वी र संसार सिर्जनुभन्दा अघि, अनादिदेखि अनन्तसम्म तपाईंन नै परमेश्वर हुनुहुन्छ (पद १ - २) म यतिबेला एउटा पहाडमा भएको मेरो साथीको घरबाट परमेश्वरले पहाडकै बारेमा बोलेको खण्ड पढ्दै थिएँ, कस्तो अचम्म ! उहाँ पहिला नै हुनुहुन्थ्यो र उहाँ हुनुहुनेछ, उहाँ यी पहाडहरू बनिनुभन्दा पहिले नै हामीसँग हुनुहुन्थ्यो भन्ने पढ्दै मेराबारे वरिपरिका पहाडहरूलाई मैले हेरिरहेको थिएँ । त्यतिबेला परमेश्वरको उपस्थिति भएको मैले अनुभव गरेँ ।

त्यतिबेला नै भजनसङ्ग्रह १२१ का केही पदहरू मेरो सम्झनामा आयो "पर्वतहरूतिर म आफ्ना आँखा उचाल्छु । मेरो गुहार कहाँबाट आउँछ ? स्वर्ग र पृथ्वी सिर्जना गर्नुहुने परमप्रभुबाट मेरो गुहार आउँछ (पद १, २) यस्तैसँग मिल्ने अर्को खण्ड पनि मेरो मनमा आयो त्यो थियो भजनसङ्ग्रह ६५ : ५ "जसले आफ्नो शक्तिद्वारा पहाडहरू निर्माण गर्नुभयो । तपाईंले आफूलाई शक्तिले सुसज्जित पार्नुभएको छ ।" उहाँले हामीलाई उहाँको सृष्टिलाई हेर्ने र उहाँलाई बुझ्न सहायता गर्नुहुन्छ ।

मैले यो ठाउँमा बसेर परमेश्वरको साँचो उपस्थिति महसुस गरिरहेको थिएँ । त्यतिबेला नै मलाई मेरा परममित्र F.W. Krummacher ले पठाउनुभएको सन्देश मेरो सेलफोनमा आयो । वास्तमा उहाँले धेरैजनालाई यो सन्देश पठाउनुभएको रहेछ । "... तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छ । "नडरा किनकि मैले तँलाई मोल तिरेर छुटाएको छु, मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस् । तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु, तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउने छैनन् । तँ आगोबाट भएर जाँदा डढ्ने छैनस् । त्यसको ज्वालाले तँलाई भस्म पार्ने छैन । किनभने म परमप्रभु, तेरो परमेश्वर हुँ ।" (यशैया ४३ : १ - ३) "पर्वतहरू हल्लाइएर डाँडाहरू हटाइए तापनि तेरो निम्ति मेरो अटुट प्रेम हटाइने छैन, न त मेरो शान्तिको करार भङ्ग हुनेछ, "तँलाई कृपा गर्ने परमप्रभु भन्नुहुन्छ । यशैया (५४ : १०) उहाँको बोलावटमा भरोसा राख्नुहोस् । तपाईंको आत्माले उहाँमा विश्वास प्राप्त गर्न सकोस्, उहाँको नाउँ परमप्रभु हो । आमिन्, उहाँमा आडेस लगाउनुहोस् । उहाँको लट्ठी र लौरोले तपाईंलाई सान्त्वना दिऊन् । जब तपाईंले आफूलाई बेचैनी भएको

महसुस गर्नुहुन्छ । उहाँको उपस्थितिले ढाक्ने छ र तपाईंले सान्त्वना प्राप्त गर्नुहुनेछ, उहाँको हृदयले तपाईंको हृदयमा सङ्गीतको धुनजस्तै भएर उपस्थित हुनेछ ।

विचार गर्नुहोस् त मैले पहाडमा एक्लै बसेर उहाँको उपस्थितिमा कस्तो सान्त्वनाको वचन पढ्दै थिएँ । "पर्वतहरू हल्लाएर डाँडाहरू हटाइए तापनि उहाँको प्रेम मबाट कहिल्यै हट्ने छैन, पहाडहरू समुद्रमै गए भने पनि उहाँको प्रेम अनन्तकालसम्म रहिरहनेछ । किनकि मेरा परमेश्वर पहाडहरू उत्पन्न हुनुभन्दा पहिले नै हुनुहुन्थ्यो (भजनसङ्ग्रह १०) हामीले भजनसङ्ग्रह १२१ मा अध्ययन गरेजस्तै उहाँ हामीसँग यही हुनुहुन्छ हामीलाई उहाँबाट नै गुहार आउँछ । उहाँ सधैं हामीहरूसँग हुनुहुनेछ । उहाँले यो प्रतिज्ञा गर्नुभएको छ कि उहाँको दया र करुणा हामीहरूसँग सधैं रहिरहने छ । उहाँले यी कुराहरू हामीबाट कहिल्यै पनि लैजानु हुनेछैन ।

भजनसङ्ग्रह ४८ अध्यनयमा एकपटक हेरौं "परमेश्वर हाम्रा शरणस्थान हुनुहुन्छ र शक्ति हुनुहुन्छ, सङ्कटमा सधैं हाजिर रहने सहायता । यसकारण हामी डराउने छैनौं । चाहे पृथ्वी उथलपुथल होस्, वा पर्वतहरू समुद्रको गर्नमा खसुन् । चाहे समुद्र गर्जोस् र फिँज काढोस् । र, चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून् । एउटा नदी छ, जसका प्रवाहले परमेश्वरको नगर, अर्थात् सर्वोच्च वास गर्नुहुने पवित्रस्थानलाई हर्षित तुल्याउँछ । (१-४) "सर्वशक्तिमान परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ । (७) "शान्त होओ, र म परमेश्वर हुँ भनी जान, जातिजातिहरूमा म उचालिनेछु ।" (पद १०) हाम्रा वरिपरिका परिस्थितिहरू जे जस्तो भए तापनि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ । उहाँ हिजो र आज अनि भोलि पनि काम गरिहनुहुन्छ । उहाँ हाम्रो शरणस्थान र बल हुनुहुन्छ ।

तपाईं एकदमै कठिन परिस्थितिबाट गुज्रनुभएको भए तापनि म यो विश्वास गर्दछु यी सिद्धान्तहरूले तपाईंलाई सान्त्वन दिन्छन् । उहाँ भन्नुहुन्छ "... म तिमीहरूलाई कुनै रीतिले छोड्नै छैन, म तिमीहरूलाई त्याग्ने छैन ।" (हिब्रू १३ : ५) "पहाडहरूले यरुशलेमलाई घेरैझैँ परमप्रभुले आफ्ना जनहरूलाई आज अनि सदासर्वदा घेरिराख्नुहुन्छ ।" (भजनसङ्ग्रह १२५ : २) "हे मानिस हो, सब समयमा उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल, किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ । (भजनसङ्ग्रह ६२ : ८)

हेराल्डको यो अङ्कको बारेमाः-

हेराल्डको यस अङ्कका अनुवादकहरू, मुद्रण कार्य र लेआउटका साथै वितरण प्रक्रियामा सहभागी हुने सम्पूर्ण सहकर्मीहरूलाई म धन्यवाद दिन चाहन्छु । म यो कुरा विश्वास गर्दछु कि यी दिनहरूमा हामी निश्चित रूपमा नै आत्मिक युद्धमा लागिरहेका छौं । त्यसैकारणले एउटाले अर्कालाई उत्साह दिनु आवश्यक छ । "... तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ ।" (हिब्रू १० : २५) जब तपाईंले यहाँ लेखिएका लेखहरू पढ्नु हुनेछ; तपाईंले अन्त्यका दिनहरूको विषयमा र प्रार्थना अनि जागृतिको विषयमा सिक्नुहुनेछ । ख्रीष्टको आगमन नजिक छ भन्ने यी लेखहरूले देखाउँछन् ।

हामीले अनुभव गरेका घटनाहरूलाई हेर्दा सबैभन्दा पहिलो कुरा परमेश्वरले हामीलाई सम्झनुहुन्छ र उहाँले आफ्नो शक्तिले हामीलाई बलवन्त पार्नुहुन्छ र उहाँले आफ्नो अभिप्रायअनुसार हाम्रो जीवनमा काम गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ "म परमप्रभु हुँ भनी जान" (भजनसङ्ग्रह ४६ : १०) "जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईं पूरा शान्तिमा राख्नुहुन्छ किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ ।" (यशैया २६ : ३)

दोस्रो कुरा चाहिँ प्रार्थना र आराधनाको महत्व राम्रोसँग यी दिनहरूमा हामीले थाहा पाएका छौं । यो समूहमा वा व्यक्तिगत रूपमा हुन सक्दछ । Bob Bakke ले आफ्नो लेखमा पनि यी दिनहरूमा प्रार्थना र आराधनाको महत्व धेरै नै भनी व्याख्या गरेका छन् । येशू र पहिलो शताब्दीका मण्डलीहरूले पनि प्रार्थना र आराधनाको महत्वको बारेमा सिकाएका छन् र व्यवहारमै ल्याएर अरूहरूलाई सिकाएका छन् । (लूका ५ : १६, ६ : १३, प्रेरित २ : ४२, ६ : ४) लूकाले यी खण्डहरूमा लगातार वा नथाकीकनै प्रार्थना गरेको उदाहरणहरू देखाइएको छ । पावलले कलस्सीका मानिसहरूलाई पनि यसरी भन्दछन् "सतर्क भएर धन्यवाद सहित स्थिर भई प्रार्थनामा लागिरहो ।" (कलस्सी ४ : २) Harold Vaughan ले पनि यसलाई अझै बढ्ता जोड दिएर

भन्दछन् प्रार्थना अगुवाहरूको लागि मात्र होइन हरेकको निम्ति जसजसले प्रार्थनामा गहिरो गरी खोजी गर्दछन् । हाम्रा नियमित लेखक Andrew Murry ले भन्दछन्- हाम्रो प्रार्थना पवित्र आत्माले भरिएको हुनुपर्दछ । हामीले एफिसी ६ : १८ ले भनेजस्तै "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो ।"

यसले हामीलाई अर्को अङ्क शीर्षकतिर लैजान्छ । आउने दिनहरूमा पवित्र आत्माको सङ्गति हुन आवश्यक छ र त्यो अन्त्यका दिनको चिन्ह पनि हो । हामी आत्माले अगुवाइ भएको हुनुपर्दछ । "किनभने सबै, जो परमेश्वरको आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन् ।" (रोमी ८ : १४) हामी आत्माले भरिनु पर्दछ । "... पवित्र आत्माले भरिपूर्ण होओ ।" (एफिसी ५ : १८) आत्माका फलहरूले भरिनु पर्दछ । "तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वास, नम्रता, संयम हुन् ...।" (गलाती ५ : २२- २३) पवित्र आत्माद्वारा शुद्ध हुनु पर्दछ । "... पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून् ।" (रोमी १५ : १६) हाम्रा अङ्कका निरन्तर लेखक AW Tozer यो तर्कलाई दुवै तरिकाले उत्साह र समर्थन जनाउने प्रकारका हुन्छन्, उहाँले पवित्र आत्माको भरपुरीको बारेमा धेरै लेखहरू लेख्नुहुन्छ । यस्तै Charles H Spurgeon ले लेख्नुभएको "हाम्रा बालबालिकाहरूमाथि आशिष" ले हाम्रा बालबालिकाहरूमाथि पवित्र आत्माको शक्ति र हात राखेर आशिष प्राप्त गर्नेछन् भनी लेखिएको छ ।

अहिलेको समयमा पवित्रताको विशेष आवश्यकता छ । Thomas Reade ले शक्तिशाली प्रार्थनाको बारेमा धेरै पटक लेख्नुभएको छ । त्यसको लागि हाम्रो जीवनमा साँचो पवित्रताको आवश्यकता पर्दछ । "सबै मानिसहरूसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर, पवित्रताबिना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन ।" (हिब्रू १२ : १४) येशू छिट्टै आउँदै हुनुहुन्छ, "प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौं कि, जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तो हुनेछौं । किनकि उहाँजस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं । अनि उहाँ जस्तो पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।" (१ यूहन्ना ३ : २ - ३)

हाम्रा धेरैजस्तो लेखहरू खीष्टियन विश्वासमा समर्पण हुनुपर्ने विषयमा पनि आउँछन् । हाम्रो जीवनभरि कसरी परमेश्वरको वचनप्रति आज्ञाकारी हुन्छौं यो पनि अति नै महत्वपूर्ण हुन्छ । परमेश्वरको वचनलाई शक्तिकै रूपमा हामीले हाम्रो हृदयमा काम गर्न दिनु पर्दछ । जस्तैः परमेश्वरको वचनले

## मुक्तिका पाइला

*'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । '*

*दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार खीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् ।*

*'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ ।*

*... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । (प्रेरित २ : ३८ - ४१)* HHC, Vol 67 No. 9 (801)

भनेको छ, "जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमिनलाई भिजाएर बाली उमार्छ र छर्नेलाई बिउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्केको मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कने छैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ । तिमीहरू आनन्दसाथ जानेछौ र शान्तिमा डोऱ्याउने छौ । पर्वतहरू र डाँडाहरू तिमीहरूका सामुन्ने गीत गाउनेछन् र मैदानका सारा रुखहरूले ताली बजाउने छन् ।" (यशैया ५५ : १० - १२)

यो अङ्कमा लेखिएका हरेक परमेश्वरको वचनमा आधारित लेखहरूले यो कुरा तपाईंको जीवनमा प्रमाणित होस् ! आमिन् ।

# नडराऊ, म तिमीसित छु

## Do Not Fear; I will help You

**By Charles Spurgean**

यो परमेश्वरको प्रतिज्ञा हो, "त्यसैले नडरा, किनकि म तँसित छु । निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु, म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई सम्हाल्नेछु ।" (यशैया ४१ : १०)

मलाई यो प्रतिज्ञा एकदमै मन पर्दछ । यो प्रतिज्ञा एकदमै छोटो र मिठो छ र यसको अर्थ सबैभन्दा लामो छ । म तिमीलाई सहायता गर्नेछु भनेको एक भोकको लागि मात्र होइन तर जीवनमा आउने सबै प्रकारका कठिनाइहरूलाई पार गर्नका लागि भनिएको हो । र, तपाईं म आफैंले यी सबै अवस्थाहरूबाट लाभ उठाउन सक्छौं । प्रतिज्ञाले मानिसहरूलाई विभिन्न प्रकारको बाटोमा घुमाउँदै त्यो केन्द्रविन्दुसम्म पुऱ्याउँदछ र हरेक प्रकारका आशिषहरूलाई महसुस गर्ने मौका मिल्दछ । यस्तो प्रकारको प्रतिज्ञालाई हामीले आफ्नो जीवनमा आशीर्वादको रूपमा लिन सक्यौं भने हाम्रो जीवनलाई सफल बनाउन सकिन्छ । अब यसको लागि आफ्नो क्रियाकलापलाई अघि बढाउनलाई कमजोर नबनौं किनकि परमेश्वरले भन्नुभयो, 'नडराऊ, म तिमीसित छु ।'

जब तपाईं प्रार्थना गर्न बस्नुहुन्छ, तपाईंको इच्छाअनुसार माग्न सक्नुहुन्छ । तर परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको छ, त्यही मात्र तपाईंले पाउन सक्नुहुन्छ । जब तपाईं पापलाई जित्न असमर्थ हुनुहुन्छ त्यतिखेर परमेश्वरको प्रतिज्ञालाई सम्झनुहोस् कि म उहाँको सहायताद्वारा विजय हुनेछु । परमेश्वर जहिल्यै पनि तपाईं र मलाई सहायता गर्न तयार हुनुहुन्छ । त्यसैले उहाँले भन्नुहुन्छ, "म तिमीलाई सहायता गर्नेछु । चाहे दुःखमा होस्, बलिदानमा होस्, श्रममा होस् या सहनशक्तिमा होस् सान्त्वना दिनेछु ।" यसरी नै हरेक परिस्थितिमा परमप्रभु परमेश्वरले हामीलाई मद्दत र गुहार गर्नु हुनेछ ।

## प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- विश्वभर फैलिएको कोरोना (कोभिड १९) महामारीबाट संसारले चाँडै मुक्ति प्राप्त गरेको होस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)


## विशेष धन्यवाद

**पा. माधव पौडेल, रुची पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

## स्थानीय वितरक

**रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, आशिष/एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, रुबी/अनिल, फ्लोरिडा, अमेरिका, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**
**E-mail: nepalherald@yahoo.com**
**Phone No:- 01- 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**
**Counselor: Rich Carmicheal**
**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**
**Co- Editor: Mrs. Shanti Poudel**
**Editor: Mr. Nava Raj Panta**